# सिस्ने गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्वी भाग)

लुम्बिनी प्रदेश, नेपाल

## राष्ट्रिय दैनिक पत्रिकामा सूचना एवं विज्ञापन प्रकाशन गर्ने सम्बन्धी शिलबन्दी दरभाउ आह्वान गरिएको सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/०८)

सिस्ने गाउँपालिकाको कार्यालयबाट विभिन्न सूचनाहरु राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्नका लागि राष्ट्रियस्तरका दैनिक पत्रिकाहरुबीच प्रतिष्पर्धा गरी सबैभन्दा बढी छुट कबोल गर्ने वा न्यूनतम दर कबोल गर्ने 'क' वर्गमा सूचीकृत राष्ट्रिय दैनिक पत्रिका वा विज्ञापन एजेन्सीबाट सूचना प्रकाशन कार्य गर्नुपर्ने भएकोले सो सम्बन्धी कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा एजेन्सीले तपसिलको कागजातसहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिलबन्दी दररेट पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल:**

१. शिलबन्दी दरभाउ साथ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय दर्ताको प्रमाणपत्र प्रतिलिपि, आ.व. २०८०/८१ को करचुक्ताको प्रमाणपत्र प्रतिलिपि, प्यान/भ्याट दर्ता, कम्पनी रजिष्ट्रार वा दर्ता गर्ने संस्थाबाट प्राप्त कागजात, विज्ञापन बोर्डमा सूचीकृत भएको 'क' वर्गको राष्ट्रिय दैनिकको प्रमाणपत्रलगायतका आवश्यक कागजात पेश गर्नुपर्ने छ ।

२. शिलबन्दी दरभाउपत्र पेश गर्ने फर्म तथा व्यवसायीले दररेट प्रस्ताव फारम (BOQ) यस कार्यालयको वेबसाइट www.sisnemun.gov.np बाट download गर्न सकिनेछ । BOQ साथ रु. १०००।- (अक्षरुपी एक हजार रुपैयाँ मात्र) यस कार्यालयको नेपाल बैंक लि. मा रहेको आन्तरिक राजस्व खाता १८९०३०००००१००१००००१ दाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ र उक्त रकम फिर्ता हुने छैन ।

३. नियमअनुसार सूचना प्रकाशित भएको मितिले १५ औं (पन्ध्र) दिनभित्र गाउँपालिकाको कार्यालयमा दररेट पेश गरी सक्नुपर्नेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुल्ने दिन पेश गर्नुपर्ने छ ।

४. दर्ता हुन आएका प्रस्तावपत्रहरु १६ (सोह्रौं) दिनको अपरान्ह २:०० बजे कार्यालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

५. दररेट पेश गर्ने फर्म तथा व्यवसायीले रु. ४०,०००।- (अक्षरुपी चालिस हजार रुपैयाँ मात्र) यस कार्यालयको नेपाल बैंक लि. मा रहेको धरौटी खाता १८९०३०००००३००००००१ मा दाखिला गरेको सक्कल भौचर वा ७५ दिन मान्य अवधि भएको कार्यसम्पादन जमानत प्रस्तावसाथ पेश गर्नुपर्नेछ ।

६. म्याद नाघी आएको वा रीत नपुगेको वा कुनै शर्त राखी पेश भएको प्रस्तावहरु स्वीकृत गरिने छैन ।

७. फर्म/विज्ञापन एजेन्सीहरुले पेश गरेको दररेटमध्ये सबैभन्दा कम दररेट पेश गर्ने फर्म/विज्ञापन एजेन्सीको दररेट स्वीकृत गरिनेछ । दररेट स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा निहीत हुनेछ ।

८. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## बील अफ क्वान्टिटिज(BOQ)

| सि.न. | पत्रपत्रिकाको नाम | प्रति सिसि मुल्य | छुट | |
|---|---|---|---|---|
| | | | प्रति सिसि प्रतिशत अंकमा | प्रतिशत अक्षरमा |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

नोट: नियमअनुसार तेस्रो पक्ष बील समेत पेश गरि बील अफ क्वान्टिटिज(BOQ) मा सबैभन्दा बढी प्रतिशत छुट कबुल गर्ने एउटा मात्र मिडिया एजेन्सी र पत्रिकाको दरभाउ अनुसार स्वीकृत गरिनेछ। कुनै दुईवटा पत्रिकामा वा फर्मले बराबर छुट नगरेको खण्डमा सो फर्मको अघिल्लो आर्थिक बर्षको कारोवार कर चुक्ता पर्माणपत्रको आधारमा हेरी सबैभन्दा बढी कारोबार गरेको फर्म स्वीकृत गरिनेछ।

पेश गर्नेको नाम:

दस्तखत:

सम्पर्क नम्बर:

आधिकारिक छाप: